गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
भुम्लिचोक, गोरखा ।
Bhumlichok, Gorkha
गण्डकी प्रदेश, नेपाल ।
Gandaki Province, Nepal

प.स.:-
च.न. :-

## दरभाउपत्र पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८१/११/०२

गण्डकी गाउँपालिका पशु सेवा शाखा आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार गण्डकी गाउँपालिका भित्रका सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण कार्यक्रम संचालन गर्न ईच्छुक कानुन बमोजिम दर्ता भएका फर्म वा पशु कल्याण कार्यमा संलग्न गैर सरकारी संस्थाहरुबाट तपशिल बमोजिमको कागजात सहित ७ दिन भित्र मिति २०८१/११/०८ सम्ममा गण्डकी गाउँपालिकामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| कार्यक्रम | संचालन गरिने क्रियाकलाप |
|---|---|
| कुकुर बन्ध्याकरण शिविर कार्यक्रम | १. सामुदायिक कुकुर संकलन<br>२. बन्ध्याकरणका लागि औषधी तथा सामाग्रीहरु<br>३. भाले/पोथी कुकुरहरुको स्थायी बन्ध्याकरण<br>४. आन्तरिक तथा वाह्य परजिवि विरुद्धको सूई<br>५. रेविज विरुद्धको भ्याक्सिनेशन<br>६. सामुदायिक कुकुरहरुको पुनःसामाजिकिकरण |

तपशिलः

- दरभाउपत्र पेश गर्ने संस्थाले अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरुः प्रति कुकुर बन्ध्याकरण वापतको रकम खुलेको निवेदन ,संस्था दर्ता प्रमाणपत्र ,संस्था नविकरण प्रमाणपत्रको प्रतिलिपि ,प्यान नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्र , आ.व. २०८१/०८२ को र चुक्ता प्रमाणपत्र ।
- आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखी पेश गर्नु पर्नेछ ।केरमेट गरेको दररेट मान्य हुने छैन ।
- दररेट पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खुल्ने दिन कार्यालय समय भित्र ।
- कुकुर बन्ध्याकरणका लागि कुकुर संकलन, आवश्यक औषधी ,भ्याक्सिन , बन्ध्याकरणका लागि आवश्यक सामाग्री , भाले पोथी कुकुरको स्थायी बन्ध्याकरण , रेविज विरुद्धको भ्याक्सिनेशन , आन्तरिक तथा वाह्य परजिवि विरुद्धको सुई साथै बन्ध्याकरण गरिएका कुकुरहरुको पुनः सामाजिकिकरण लगायतका सम्पुर्ण व्यवस्था संस्था वा फर्म स्वंमले गर्नु पर्नेछ ।
- कुकुर बन्ध्याकरणका लागि दक्ष चिकित्सक डग क्याचर, पशु प्राविधिकको विवरण अनिवार्य पेश गर्नु पर्नेछ ।
- कार्यालयले भुक्तानी गर्दा सम्झौताको शर्तको अधिनमा रहि प्रति कुकुर बन्ध्याकरण वापतले हुन आउने जम्मा रकममा नियमानुसार कर लाग्ने भए सो कर कट्टी गरि भुक्तानी गरिनेछ ।
- कार्यक्रम अवधि लगायत अन्य विषय सम्झौतामा तोके बमोजिम हुनेछ ।

थप जानकारीका लागिः ९७६४३९८६११, ९८४५६९१२९४ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

भुवन चापागाई
प्रमुख प्रशासकीय अधिकृत